जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ८८ पृष्ठः ४ | २०८३ साउन १० आइतबार (Sunday 26 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा बालकको मृत्युपछि स्वास्थ्य केन्द्रमा तोडफोड, हुलाकी सडक अवरुद्ध



**सुरेश राय**

सिरहा, ९ साउन। सर्पदंशका एक बालकको उपचारका क्रममा मृत्यु भएपछि सिरहाको भगवानपुर गाउँपालिका तनावग्रस्त बनेको छ। उपचारमा ढिलाइ भएको तथा एम्बुलेन्स समयमै उपलब्ध नगराइएको आरोप लगाउँदै आक्रोशित स्थानीयले स्वास्थ्य केन्द्रमा तोडफोड गर्नुका साथै हुलाकी सडक अवरुद्ध गरेका छन्।

भगवानपुर गाउँपालिका-४, कल्याणपुरस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारका लागि ल्याइएका सप्तरीको बलान बिहुल गाउँपालिकाका अरुण मण्डलका छोरा रोशन मण्डललाई समयमै थप उपचारका लागि रिफर गर्न नसकिएको स्थानीयको आरोप छ।

स्थानीयका अनुसार, एम्बुलेन्स चालकले गाउँपालिका अध्यक्ष उग्र नारायण यादवको अनुमति बिना एम्बुलेन्स सञ्चालन गर्न नमिल्ने बताएपछि उपचारमा ढिलाइ भएको र बाटोमै मृत्यु भएको आफन्तहरूको दाबी छ। घटनापछि आक्रोशित स्थानीयले स्वास्थ्य केन्द्रमा तोडफोड गरेका छन् भने हुलाकी सडकमा टायर र दाउरा बालेर अवरुद्ध गरेका छन्। सडक अवरुद्ध हुँदा यातायात सेवा पूर्ण रूपमा प्रभावित भएको छ। स्थानीयका अनुसार, बिहान ११ बजे गाउँपालिका अध्यक्षसँग वार्ता गर्ने सहमति भए पनि अध्यक्ष वार्तास्थलमा नपुगेपछि आन्दोलन थप चर्किएको हो। आन्दोलनका अगुवा प्रविन्द यादव र इन्दल मण्डलले अध्यक्ष वार्तामा नआएको भन्दै असन्तुष्टि जनाएका छन्।

स्थिति नियन्त्रणमा लिन घटनास्थलमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरिएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी रमेश बहादुर पालले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिए।

## सीमा क्षेत्रबाट १८ लाख बढीको अवैध सामान बरामद





सिरहा, ९ साउन। सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाले जिल्लाका विभिन्न सीमावर्ती क्षेत्रबाट १८ लाख १९ हजार ७३८ रुपैयाँ बराबरका अवैध सामान बरामद गरी सिरहा भन्सार कार्यालयमा दाखिला गरेको छ। शुक्रबार सशस्त्र प्रहरीले मोटरसाइकल, मदिरा, कपडा, किराना सामग्री, कस्मेटिक सामान तथा एशियन पेन्ट्सलगायतका

**-बाँकी तीन पेजमा**

## गुडिरहेको मोटरसाइकलमा उभिएर भिडियो बनाएका सांसद गुप्तालाई जरिबाना

सिरहा, ९ साउन। गुडिरहेको मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाएको दृश्य सामाजिक सञ्जालमा भाइरल भएपछि रास्वपाका प्रतिनिधिसभा सदस्य बब्लु गुप्तालाई ट्राफिक प्रहरीले ५ सय रुपैयाँ जरिबाना गरेको छ। सिरहा-१ बाट निर्वाचित सांसद गुप्ता जिल्ला ट्राफिक प्रहरी कार्यालय, लहान पुगेर आफैंले जरिबाना बुझाएको प्रहरीले जनाएको छ।




गुप्ता गुडिरहेको बुलेट मोटरसाइकलको पछाडि उभिएर मोबाइलबाट भिडियो खिचिरहेको दृश्य सार्वजनिक भएपछि सामाजिक सञ्जालमा आलोचना भएको थियो। सार्वजनिक पदमा रहेका व्यक्तिले नै ट्राफिक नियम उल्लंघन गरेको भन्दै उनीमाथि सर्वसाधारणसरह कानुन लागू हुन्छ कि हुँदैन भन्ने प्रश्नसमेत उठेको थियो।

त्यसपछि ट्राफिक प्रहरीले उनलाई ट्राफिक नियम उल्लंघन गरेको कसुरमा ५ सय रुपैयाँ जरिबाना गरेको हो। सांसद गुप्तालाई जरिवाना गरिएपछि सामाजिक सञ्जालमा मिश्रित प्रतिक्रिया देखिएको छ। कतिपयले सबै नागरिक कानुनको नजरमा समान हुने सिद्धान्त कार्यान्वयन भएको भन्दै कारबाहीको स्वागत गरेका छन् भने कतिपयले ५ सय रुपैयाँको जरिवाना पर्याप्त नभएको टिप्पणी गरेका छन्।

**-बाँकी अन्तिम पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## भू-संरक्षणमा ध्यान दिऔं

- भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
- भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
- भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
- वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।

**भू-रक्षाः जीवनको सुरक्षा**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## कर कार्यालयमा भ्रष्टाचारको क्यान्सर

कर प्रणाली राज्य सञ्चालनको मेरुदण्ड हो। नागरिकले तिरेको करबाट विकास निर्माण, शिक्षा, स्वास्थ्य, सुरक्षा तथा आधारभूत सार्वजनिक सेवा सञ्चालन हुने भएकाले कर प्रशासनप्रति जनविश्वास अत्यन्त महत्वपूर्ण मानिन्छ। तर, कर निर्धारण र परीक्षणजस्तो संवेदनशील प्रक्रियालाई व्यक्तिगत लाभको माध्यम बनाउने प्रवृत्तिले राज्यप्रतिको विश्वासमा गम्भीर चोट पुऱ्याउँछ। आन्तरिक राजस्व कार्यालय लहानका कर अधिकृत युवराज पाल पाँच लाख रुपैयाँ घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीबाट रंगेहात पक्राउ पर्नु केवल एउटा कर्मचारीको व्यक्तिगत कमजोरी मात्र होइन, कर प्रशासनभित्र जरा गाड्दै गएको भ्रष्टाचारको संकेतका रूपमा पनि लिनुपर्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबास कार्यालयबाट खटिएको टोलीले कार्यालय परिसरमै उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि बर्दिबास लगेको छ। प्रारम्भिक अनुसन्धानमा सार्वजनिक भएका विवरणले घटनालाई अझ गम्भीर बनाएको छ। स्रोतका अनुसार सिरहा सुपर मार्केटको आर्थिक वर्ष २०७८/७९ को पूर्ण कर परीक्षणका क्रममा कर अधिकृतले सुरुआतमै ठूलो रकम मागेको, पछि कर दायित्व बढाइदिने डर देखाउँदै अन्ततः पाँच लाख रुपैयाँमा सहमति गराएको आरोप छ। यदि अनुसन्धानबाट यी आरोप पुष्टि भए भने यो घटनाले कर परीक्षण प्रक्रियालाई नै 'बार्गेनिङ' को माध्यम बनाउने विकृत मानसिकता उजागर गर्नेछ।

कर परीक्षणको उद्देश्य वास्तविक कर दायित्व निर्धारण गर्नु हो, व्यवसायीलाई धम्क्याएर वा कानुनी प्रावधानको दुरुपयोग गरेर रकम असुल्नु होइन। कुनै पनि व्यवसायीले राज्यलाई तिर्नुपर्ने करबाट बच्ने प्रयास गर्नु जति गलत हो, त्यति नै गलत कर प्रशासनका कर्मचारीले आफ्नो अधिकारको दुरुपयोग गर्दै व्यक्तिगत फाइदा लिन खोज्नु पनि हो। यस्तो कार्यले कर प्रणालीलाई कमजोर बनाउनुका साथै इमानदार करदातालाई समेत निरुत्साहित बनाउँछ। नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सक्रिय रहे पनि यस्ता घटनाको पुनरावृत्तिले सरकारी संयन्त्रभित्र अझै पनि प्रभावकारी निगरानीको अभाव रहेको देखाउँछ। सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूमा पारदर्शिता, जवाफदेहिता र नियमित अनुगमनलाई संस्थागत गर्न नसक्दा केही कर्मचारीले कानुनभन्दा आफूलाई माथि ठान्ने अवस्था सिर्जना भएको छ। कर कार्यालयजस्तो संवेदनशील निकायमा हुने यस्ता गतिविधिले समग्र राजस्व प्रशासनको छविलाई नै धुमिल बनाउने खतरा रहन्छ।

यस घटनामा अर्को महत्वपूर्ण पक्ष भनेको कर परीक्षण प्रक्रियाको पारदर्शिता हो। यदि कुनै व्यवसायीलाई वास्तविक कर दायित्वबारे स्पष्ट जानकारी, डिजिटल अभिलेख र निष्पक्ष पुनरावलोकनको व्यवस्था सहज रूपमा उपलब्ध हुन्छ भने व्यक्तिगत प्रभाव र घुसको सम्भावना स्वतः घट्छ। त्यसैले कर निर्धारण, अडिट, पुनरावलोकन र निर्णय प्रक्रियालाई अझ बढी प्रविधिमैत्री, पारदर्शी र बहुस्तरीय बनाउन आवश्यक देखिन्छ। यस घटनाले करदाताको भूमिकाबारे पनि सोच्न बाध्य बनाएको छ। कतिपय अवस्थामा छिटो काम गराउने वा कर दायित्व घटाउने उद्देश्यले सेवाग्राही स्वयं पनि घुस दिन तयार हुने प्रवृत्ति देखिन्छ। भ्रष्टाचारमा घुस लिने मात्र होइन, घुस दिने पक्ष पनि जिम्मेवार हुन्छ। त्यसैले भ्रष्टाचार नियन्त्रण सरकारी निकायको मात्रै जिम्मेवारी नभई निजी क्षेत्र, व्यवसायी र आम नागरिकको पनि साझा दायित्व हो।

सरकारले पछिल्ला वर्षहरूमा डिजिटल कर प्रणाली, अनलाइन विवरण पेस गर्ने व्यवस्था र स्वचालित प्रक्रियालाई विस्तार गरेको छ। यस्ता सुधारलाई अझ प्रभावकारी बनाउँदै कर्मचारीको व्यक्तिगत विवेकमा निर्भर हुने निर्णयहरूलाई सीमित गर्न सकिए भ्रष्टाचारको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ। साथै, नियमित सम्पत्ति विवरणको कडाइका साथ परीक्षण, उच्च जोखिम भएका शाखामा कर्मचारीको समयमै सरुवा तथा आन्तरिक अडिट प्रणालीलाई मजबुत बनाउनु पनि आवश्यक छ।

सार्वजनिक पद भनेको व्यक्तिगत कमाइको माध्यम होइन, जनसेवाको जिम्मेवारी हो। कर प्रशासनमा कार्यरत कर्मचारीमाथि नागरिकले उच्च स्तरको नैतिकता र इमानदारीको अपेक्षा राख्छन्। केही व्यक्तिको गलत व्यवहारले हजारौँ इमानदार कर्मचारीको प्रतिष्ठामाथि पनि प्रश्न उठ्ने अवस्था आउँछ। त्यसैले यस घटनालाई एउटा पक्राउमा मात्र सीमित नगरी समग्र कर प्रशासन सुधार गर्ने अवसरका रूपमा लिनुपर्छ।

भ्रष्टाचारविरुद्धको अभियान सफल तब मात्र हुन्छ, जब दोषीलाई कानुनी कारबाहीसँगै प्रणालीगत सुधार पनि अघि बढ्छ। कर प्रशासन पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बन्न सके मात्र करदाताको विश्वास बलियो हुनेछ र राज्यले सुशासनको लक्ष्य हासिल गर्न सक्नेछ।

# विद्यार्थीलाई गृहकार्य : आवश्यकता कि बोझ ?

**विद्यालयमा लामो समय पढेर घर फर्केपछि पनि घण्टौंसम्म गृहकार्य गर्नुपर्दा बालबालिका मानसिक रूपमा थकित हुन्छन्। यसले उनीहरूमा तनाव र पढाइप्रति वितृष्णा पैदा गर्न सक्छ।**

**डा बलराम तिमल्सिना**

मेरी नातिनी कक्षा ६ मा पढ्छिन्। कहिलेकाहीं म उनलाई लिन विद्यालय जाने गरेको छु। केही दिनअघि विद्यार्थी छुट्नु १० मिनेट अगावै विद्यालय पुगेकोले केही समय नातिनीलाई बाहिर पर्खनुपर्‍यो। त्यहाँ अरू अभिभावक पनि भएकाले विद्यार्थीलाई दिइने गृहकार्यबारे छलफल हुँदै थियो। कोही भन्दै हुनुहुन्थ्यो– बालबालिकालाई गृहकार्य बढी भयो। कसैको तर्क थियो– ठिकै छ, यति त चाहिन्छ, नत्र उफ्रेर खप्न दिँदैनन्।

विद्यार्थीलाई दिइने गृहकार्यबारे राम्रो सिकाइ उपलब्धि भएका देशको अभ्यास के छ ? अध्ययन, अनुसन्धानले के भन्छ ? शिक्षा क्षेत्रका अनुभवीहरूको धारणा के छ ? यिनै विषयमा माध्यमिक तहका केही शिक्षक र विद्यार्थीसमेतसँगको छलफलपछि यो लेख तयार गरिएको हो। विद्यालय शिक्षाको सन्दर्भमा गृहकार्य शिक्षण सिकाइ क्रियाकलापको एक अपरिहार्य र अभिन्न अङ्गको रूपमा रहेको छ। विद्यालयमा सिकेका ज्ञान र सिपलाई अभ्यास गर्ने, स्मरण गर्ने र बालबालिकाको सिकाइ क्षमताको विकास गर्ने माध्यमको रूपमा गृहकार्यलाई लिइन्छ।

तर, गृहकार्यको आवश्यकता, यसको मात्रा र विद्यार्थीहरूमा पर्ने प्रभावका बारेमा शिक्षा क्षेत्रमा निकै लामो समयदेखि बहस हुँदै आएको छ। यो लेखमा बालबालिकालाई गृहकार्य दिने कि नदिने, दिए कति मात्रामा दिने र यसले बालबालिकालाई कस्तो प्रभाव पार्छ भन्ने विषयमा चर्चा गरिन्छ।

**गृहकार्य किन आवश्यक छ ?**

अमेरिकी शिक्षाविद् अल्फी कोन विद्यार्थीलाई गृहकार्य दिने परिपाटीको कडा विरोध गर्छन्। गृहकार्यले बालबालिकालाई अतिरिक्त बोझ थप्छ र पारिवारिक तथा व्यक्तिगत समयबाट टाढा गराउँछ। उनको दृष्टिकोणमा अतिरिक्त विद्यालयको कार्यभन्दा आराम, खेलकुद र मनोरञ्जनलाई प्राथमिकता दिनुपर्छ। उनको तर्क छ, 'प्राथमिक तहका विद्यार्थीहरूका लागि गृहकार्यले शैक्षिक उपलब्धिमा सुधार ल्याउँछ भन्ने कुनै प्रमाण छैन।' अल्फी कोन जस्तै गृहकार्य नै दिनु हुँदैन भन्ने शिक्षाविदहरू कमै पाइन्छन्। वास्तवमा विद्यार्थीका लागि गृहकार्य विद्यालयको समय सकिएपछिको निरन्तर सिकाइ प्रक्रिया हो।

कक्षामा शिक्षकले पढाएको कुरा एक पटक सुनेर मात्र विद्यार्थीको दिमागमा पूर्ण रूपमा बस्दैन। जब विद्यार्थीहरू घरमा गएर त्यही विषयमा गृहकार्य गर्छन्, तब विद्यालयमा सिकेको विषयवस्तुको पुनरावृत्ति हुन्छ र उनीहरूले पढेको कुरा राम्रोसँग बुझ्छन् र ज्ञान स्थायी बन्छ। यसले सिकाइलाई सुदृढ पार्न मद्दत गर्छ। कक्षाकोठाको सिकाइलाई बलियो बनाउँछ र दिगो बनाउँछ। गृहकार्य प्रायः विद्यार्थीले एक्लै गर्नुपर्ने हुन्छ। जसका कारण विद्यार्थीहरूलाई आफैं अध्ययन गर्ने बानीको विकास गर्छ। नियमित रूपमा गृहकार्य गर्दा विद्यार्थीमा समय व्यवस्थापन गर्ने, अनुशासित बन्ने र आत्मनिर्भर हुने बानीको विकास हुन्छ।

गृहकार्यको माध्यमबाट विद्यार्थीको प्रगति मूल्यांकन गर्न पनि सजिलो हुन्छ। विद्यार्थीले पढेको विषय कत्तिको बुझेका छन्, त्यसलाई आफ्नै भाषा र शैलीमा कत्तिको व्याख्या विश्लेषण गर्न सक्छन् भनेर शिक्षकले सजिलै थाहा पाउन सक्छन्। विद्यार्थीले गृहकार्यमा गरेका गल्ती कमजोरी पहिचान गरेर उनीहरूलाई थप मद्दत गर्न र पृष्ठपोषण दिन शिक्षकलाई सहज हुन्छ।

खासगरी प्राथमिक तहका बालबालिकाको गृहकार्यमा अभिभावक पनि संलग्न हुन्छन्। जसले अभिभावक र सन्तानबीचको अन्तर्क्रिया बढाउँछ। बालबालिका र अभिभावकबीचको सम्बन्ध सुमधुर बनाउँछ र घरमा पढ्ने सकारात्मक वातावरण सिर्जना गर्न मद्दत गर्छ। विद्यालयबाट फर्केपछिको पूरै समय खाली हुने हो भने बालबालिका कुलतमा फस्ने, सामाजिक सञ्जालको लत लाग्ने, आवश्यकभन्दा बढी समय खेलकुदमा बिताउने जस्ता नकारात्मक बानीको विकास हुन सक्छ। त्यसैले गृहकार्यले विद्यार्थीलाई फुर्सदको समयको सही सदुपयोग गर्न सिकाउँछ।

गृहकार्य सम्बन्धमा एक अनुसन्धानले भन्छ– गृहकार्यले बालबालिकामा जवाफदेहिता, स्वतन्त्रता, अनुशासन, समय व्यवस्थापन, स्वनिर्देशन, समालोचनात्मक चिन्तन र समस्या समाधान गर्ने सिपको विकास गर्छ। गृहकार्य सिकाइलाई मजबुत बनाउने र विद्यार्थीको बुझाइमा सुधार गर्ने मूल्यवान साधनका रूपमा लिन्छन्, सामुदायिक विद्यालयका शिक्षकहरू। उनीहरूका बुझाइमा गृहकार्य विद्यार्थीको व्यक्तिगत स्तरअनुसार तयार पारिएको हुनुपर्छ र यसलाई सजायको रूपमा प्रयोग गर्नु हुँदैन।

**बढी गृहकार्य किन हानिकारक छ ?**

अपवाद बाहेक शिक्षक, अभिभावक, शिक्षाविद्हरू विद्यार्थीलाई गृहकार्य दिनुपर्छ भन्नेमा एकमत देखिन्छन्। अभिभावकले भने अलि बढी गृहकार्य हुँदा ठिक हुन्छ भन्ने गरेको सुनिन्छ। तर विद्यार्थीलाई गृहकार्यको भारी बोकाइयो भने सिकाइमा नकारात्मक परिणाम प्राप्त हुन्छ। विद्यालयमा लामो समय पठनपाठन प्रक्रियामा संलग्न भएर घर फर्केपछि पनि घण्टौंसम्म गृहकार्य गर्नुपर्दा बालबालिका मानसिक रूपमा थकित हुन्छन्। यसले उनीहरूमा मानसिक तनाव, पढाइप्रति नैराश्यता र वितृष्णा पैदा गर्न सक्छ।

अधिक गृहकार्यका कारण मानसिक मात्र नभई शारीरिक स्वास्थ्यमा पनि असर पर्छ। धेरै गृहकार्य गर्ने विद्यार्थीहरू घण्टौं एउटै कुर्सी वा आसनमा बस्नुपर्ने हुन्छ। यसले गर्दा ढाड दुख्ने, आँखा कमजोर हुने र मोटोपन बढ्ने जस्ता शारीरिक समस्याहरू देखा पर्न सक्छन्। गृहकार्यको चापले राति ढिलासम्म पढ्नुपर्ने हुन्छ, जसले गर्दा विद्यार्थीलाई निद्रा पुग्दैन। पर्याप्त निद्रा नपुग्दा भोलिपल्ट कक्षामा अल्छी मान्ने र एकाग्र हुन नसक्ने हुन्छ।

बालबालिकाका लागि खेल्नु, साथीहरूसँग घुलमिल हुनु र समाजका विभिन्न गतिविधिमा भाग लिनु जीवन विकासका महत्त्वपूर्ण प्रक्रिया हुन्। तर अत्यधिक गृहकार्यले उनीहरूको सामाजिक जीवनलाई खुम्च्याइदिन्छ। उनीहरू घरभित्रै सीमित हुन्छन् र साथी तथा आफन्तदेखि टाढा हुन्छन्। यसले गर्दा उनीहरूको सिर्जनात्मक क्षमता, सामाजिक भावना र प्रयोगात्मक ज्ञानको विकासमा बाधा पुग्छ।

उच्च सिकाइ उपलब्धि हासिल गरिरहेका विद्यार्थीमा गरिएको एक अनुसन्धानका अनुसार अधिक गृहकार्यका कारण निन्द्राको कमी, थकान, टाउको दुख्ने, पेटको समस्या हुने, खान मन नलाग्ने जस्ता समस्या बालबालिकामा देखापर्ने हुन्छ। मनोचिकित्सकको भनाइमा घरमा लामो समय गृहकार्यमा बिताउने बालबालिकाको मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्छ। स्टयानफोर्ड विश्वविद्यालयको एक अध्ययनले पत्ता लगाएअनुसार गृहकार्यमा धेरै समय बिताउने विद्यार्थीहरूले मानसिक तनाव, शारीरिक स्वास्थ्य समस्या, जीवनमा सन्तुलनको कमी र इक्लोपन महसुस गर्छन्।

अमेरिकी शिक्षाविद् एट्टा क्रालोभेक र क्यानेडियन शिक्षाविद् जोन बुलले संयुक्त रूपमा लेखेको 'गृहकार्यको अन्त्य' शीर्षकको पुस्तकमा गृहकार्यले गरिबलाई दण्ड दिने कुरा उल्लेख गरेका छन्। उनीहरू भन्छन्, 'धनीले गृहकार्यको सहयोगको लागि निजी शिक्षक राखेका हुन्छन् जुन गरिबले सक्दैनन्। यो अवस्था हाम्रो देशमा खासगरी शहरी क्षेत्रमा प्रशस्तै देख्न सकिन्छ।'

**गृहकार्य कति हुनुपर्छ ?**

गृहकार्यको मात्रा विद्यार्थीको उमेर र शैक्षिक स्तरअनुसार फरक हुनुपर्छ। गृहकार्यसम्बन्धी अग्रणी अनुसन्धानकर्ता ड्यूक विश्वविद्यालयका प्राध्यापक हरुयारिस एम. कुपरले गृहकार्य र शैक्षिक उपलब्धिबीचको सम्बन्धका बारेमा दशकौंदेखि गरिएका अध्ययनहरूको विश्लेषण गर्नुभएको छ। उहाँले '१० मिनेटको नियम' प्रस्ताव गर्नुभएको छ। यो प्रस्तावअनुसार कक्षा १ का विद्यार्थीले दैनिक १० मिनेट र कक्षा १० का विद्यार्थीले १०० मिनेट गृहकार्य गर्नुपर्ने हुन्छ। यो प्रस्तावलाई कयौं देशका शिक्षक अभिभावक संघले निर्णय गरेर लागु गरेको पाइन्छ।

प्राथमिक उमेरका बालबालिका भर्खर पढ्न सिक्दै हुन्छन्, त्यसैले उनीहरूलाई धेरै गृहकार्य दिनु हुँदैन। कक्षा १ मा १० वा १५ मिनेटदेखि क्रमशः कक्षा ५ सम्मका विद्यार्थीलाई ५० मिनेटदेखि अधिकतम १ घण्टाको गृहकार्य पर्याप्त हुन्छ। गृहकार्यमा लेखाइ, पढाइ र गणितीय सिप विकास गर्ने रमाइला क्रियाकलापहरू समावेश हुनुपर्छ। आधारभूत तह कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूलाई विस्तारै स्वतन्त्र रूपमा अध्ययन गर्ने बानी बसाल्ने किसिमका गृहकार्यमा जोड दिनुपर्छ। उनीहरूका लागि दैनिक १ देखि डेढ घण्टाको गृहकार्य उपयुक्त मानिन्छ। यस्ता किसिमका गृहकार्यले उनीहरूलाई नयाँ विषयवस्तु खोज्न र बुझ्न प्रेरित गर्छ।

माध्यमिक तह कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूले क्षेत्रीय र राष्ट्रिय स्तरको बोर्ड परीक्षाका लागि तयारी गर्नुपर्ने हुन्छ। त्यसैले यी कक्षाहरूमा गृहकार्य अलि गहिरो र विस्तृत हुन सक्छ र विद्यार्थीले केही लामो समय गृहकार्यमा बिताउनु पर्ने हुन्छ। यद्यपि, उनीहरूलाई पनि दैनिक २ घण्टा देखि २.५ घण्टा भन्दा बढीको गृहकार्य दिनु हुँदैन।

**गुणस्तरीय गृहकार्य कस्तो हुनुपर्छ ?**

गृहकार्य मूलतः पाठ्यपुस्तकबाट प्रश्न सोध्ने र त्यही पुस्तक पढेर उत्तर लेख्ने किसिमका हुन्छन्। तर गृहकार्यलाई रुचिकर, रमाइलो, रचनात्मक र प्रयोगात्मक बनाउन पाठसँग प्रत्यक्ष सम्बन्ध हुने किसिमका चित्र बनाउने, कुनै विषयमा परिवार र समाजका सदस्यसँग कुराकानी गरेर प्रतिवेदन तयार पार्ने, करेसाबारी तथा बगैंचामा काम गर्ने जस्ता प्रयोगात्मक गृहकार्य दिन सकिन्छ।

पाठ्यपुस्तकको गृहकार्यमा निर्देशन स्पष्ट नै हुन्छ। तर सिर्जनात्मक तथा प्रयोगात्मक किसिमका गृहकार्य दिँदा शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट रूपमा बुझ्ने गरी निर्देशन दिनुपर्छ। विद्यार्थीले गरेको गृहकार्य शिक्षकले ध्यान दिएर परीक्षण गर्नुपर्छ। विद्यार्थीको सिकाइ क्षमता र स्तरअनुसार एउटै कक्षामा पढ्ने विद्यार्थीलाई पनि फरकफरक गृहकार्य दिनुपर्ने हुन्छ। त्यसैले शिक्षकले गृहकार्य दिँदा विद्यार्थीको व्यक्तिगत क्षमता र रुचिलाई ध्यान दिनुपर्छ। कमजोर विद्यार्थीलाई सिकाइको लागि प्रेरणा मिल्ने र जेहेनदार विद्यार्थीका लागि सिर्जनात्मक र खोज तथा अनुसन्धान गर्नुपर्ने किसिमका

–बाँकी तीन पेजमा

*विद्यार्थीलाई ...*

गृहकार्य दिनु उपयुक्त हुन्छ।

सिर्जनात्मक, प्रयोगात्मक वा खोज अनुसन्धानको नाममा गृहकार्यमा पूर्णतः नयाँ विषयवस्तु दिनु हुँदैन। स्टानफोर्ड विश्वविद्यालयका प्राध्यापक डेनिस पोपका अनुसार विद्यार्थीको रुचि, उमेर र क्षमताअनुसार दिइने रचनात्मक तथा स्वायत्तता प्रदान गर्ने गुणस्तरीय गृहकार्यले उनीहरूको उत्प्रेरणा र शैक्षिक स्तर बढाउँछ। बोझिलो गृहकार्य दिनुभन्दा विद्यार्थीलाई विषयवस्तु स्पष्टसँग बुझाउने खालको अर्थपूर्ण गृहकार्य दिनुपर्छ।

स्पष्ट उद्देश्यसहित सिकाइसँग जोडिएको, विद्यार्थीले विना कुनै सहयोग वा सामान्य सहयोगमा पूरा गर्न सक्ने, शिक्षकद्वारा निर्देशन स्पष्ट र व्याख्या गरिएको, विद्यार्थीलाई समर्पित, मिहिनेती, नवीन, सिर्जनशील र आलोचनात्मक विचारक बन्न प्रोत्साहित गर्ने गृहकार्य राम्रो मानिन्छ।

**अभिभावकको भूमिका**

गृहकार्य मात्र होइन बालबालिकाको समग्र पढाइलाई प्रभावकारी बनाउन अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। घरमा बालबालिकालाई पढ्नका लागि शान्त र उपयुक्त वातावरण सिर्जना गर्ने, गृहकार्य गर्दा आउने कठिनाइलाई धैर्यतापूर्वक सुन्ने, निरन्तर हौसला प्रदान गर्नुपर्छ। तर आफैँले पूरा उत्तर भनिदिने वा लेखिदिने गर्नु हुँदैन। अभिभावक बालबालिकाले गृहकार्य गरुन्जेल सँगै बस्न नभ्याए पनि बेलाबेलामा गृहकार्य कति गर्यौ कति बाँकी छ जस्ता प्रश्न विनम्र भएर सोध्ने गर्नुपर्छ र अप्रत्यक्ष रूपमा नियमित निगरानी गर्नुपर्छ।

**अन्त्यमा**

गृहकार्य शिक्षण सिकाइ प्रक्रियाको एक अभिन्न क्रियाकलाप हो। यसले कक्षामा सिकेको ज्ञानलाई दिगो बनाउन र विद्यार्थीलाई अनुशासित तथा आत्मनिर्भर बनाउन मद्दत गर्छ। गृहकार्यले आफ्नो शैक्षिक क्षमतामा विश्वास गर्ने, लगनशील बन्ने, भविष्यप्रति सकारात्मक सोच राख्ने सिपको विकास गराउँछ। यसले बालबालिकालाई कठिनाइमा धैर्यता अपनाउन र चुनौतीलाई सामना गर्न तयार गर्छ। गृहकार्य बालबालिकालाई परिपक्व सिकाइमा मद्दत गर्ने एउटा मुख्य माध्यम हो। तर, गृहकार्यको मात्रा बालबालिकाको उमेर, क्षमता र तहअनुसार सन्तुलित हुनुपर्छ। अत्यधिक गृहकार्यले बालबालिकाको मानसिक, शारीरिक, भावनात्मक र संवेगात्मक स्वास्थ्यमा असर पर्छ।

गृहकार्य विद्यार्थीले बोझ महसुस नगर्ने र पाठ्य विषयवस्तुसँग मेल खाने, रमाइलो, प्रयोगात्मक, स्पष्ट तथा सिर्जनात्मक हुनुपर्छ। शिक्षक र अभिभावकले संयुक्त रूपमा विद्यार्थीको गृहकार्यलाई सही दिशा दिन सकेमा यसले बालबालिकाको सिकाइ प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ।

अनलाइनखबरबाट

# लागुऔषधको दलदलमा मधेश : नियन्त्रणमा आक्रमक बन्दै प्रहरी

**मधेशका सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साको खुला सीमाबाट लागुऔषध कारोबार हुने गरेको देखिन्छ। यसले मधेशलगायत देशभर नै लागुऔषध कारोबार र सेवनकर्ताको अवस्था विकराल देखाउँछ।**

**शैलेन्द्र महतो**

जनकपुरधाम, ९ साउन। शुक्रबार दिउँसो साढे २ बजे प्रहरीले गोली चलाएर मिथिला नगरपालिकाको ढल्केवरबाट दुई जना लागुऔषध कारोबारी पक्राउ गर्‍यो। धनुषाका प्रहरी प्रवक्ता डीएसपी मधुसुदन न्यौपानेका अनुसार लागुऔषध नियन्त्रण ब्युरो कार्यालय बर्दिबास र इलाका प्रहरी कार्यालय ढल्केवरको संयुक्त टोली गोप्य सूचनाको आधारमा बसइ खोलाको पुल नजिक पुग्यो। प्रहरी देखेर भाग्न खोजेपछि गोली चलाएर लागुऔषध कारोबारीलाई पक्राउ गरियो।

पक्राउ पर्नेमा भारत बिहारको हर्लाखी थाना वडा नम्बर ५ बस्ने वर्ष २६ का सन्तोषकुमार महतो र बासोपट्टी थाना वडा नम्बर २ बस्ने वर्ष ४५ का मिथिलेश साहु छन्। उनीहरूको साथबाट प्रहरीले ९५ ग्राम ५९० मिलिग्राम खैरो हेरोइन बरामद गरेको छ। यसअघि बिहीबार मात्र सिरहाको लहान नगरपालिका–३ अस्पताल चोकबाट प्रहरीले गोली चलाएर ६ जनालाई नियन्त्रणमा लियो। साँझ करिब साढे ६ बजे प्रहरीले गोली प्रहार गरी २४३ ग्राम ब्राउन सुगरसहित ६ जनालाई नियन्त्रणमा लियो।

प्रहरीले ७ राउन्ड गोली चलाउँदा खुट्टामा गोली लागेर सप्तरीको रुपनी गाउँपालिका–१ का ४२ वर्षीय मो. नसिर र भारतको बिहार राज्य, मधुबनी जिल्ला, लदनिया थाना योगियाका २४ वर्षीय विद्यानन्द यादव घाइते भएका छन्। अन्य पक्राउ पर्नेहरूमा सप्तरीको बोदेबरसाइन नगरपालिका–२ का २८ वर्षीय शम्भुप्रसाद यादव, २५ वर्षीय वैधनाथ यादव, डाक्नेश्वरी नगरपालिका–२ हरिराहा टोलका २८ वर्षीय मो. जमाहिर आलम र ३२ वर्षीय मो. इमामुद्दिन रहेका छन्।

लागुऔषध कारोबार भइरहेको विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो कोटेश्वर र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको संयुक्त प्रहरी टोलीले शंकास्पद अवस्थामा दुई वटा मोटरसाइकलमा आएका ६ जनालाई रोकी जाँच गर्न खोजेको थियो। सिरहाका प्रहरी प्रवक्ता डीएसपी रमेशबहादुर पालका अनुसार उनीहरूले भाग्न तथा प्रहरीमाथि प्रतिकार गर्न खोजेपछि नियन्त्रणका लागि ७ राउन्ड गोली प्रहार गरिएको थियो।

उनीहरूको साथबाट २४३ ग्राम ब्राउन सुगर जस्तो देखिने पदार्थ, स१प ८०५ र प्र ३–०२–००२ प ८१८५ नम्बरको गरी दुई वटा मोटरसाइकल तथा सात थान मोबाइल फोन बरामद भयो। बुधबार अपराह्न साढे ४ बजेतिर मात्र सिरहा प्रहरीले लहान नगरपालिका–३ नयाँ बस्ती टोलमा बा२१च ५६६६ नम्बरको पिकअपमा नास्पातीका क्रेटभित्र लुकाएर राखिएको प्रतिबन्धित लागुऔषध ६५२ किलो गाँजासहित तीन जनालाई पक्राउ गरेको थियो।

डीएसपी पालका अनुसार गोप्य सूचनाको आधारमा पिकअपमा खानतलासी गर्दा नास्पातीका ४६ वटा क्रेटभित्र बोरामा लुकाएर राखिएको गाँजा ६५२ केजी बरामद गरिएको थियो। साथै करिब ९ हजार ९२० केजी नास्पातीसमेत नियन्त्रणमा लिइएको छ। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले लहान नगरपालिका–३ का ३८ वर्षीय श्यामकुमारी साह, भारतको बिहार राज्य मधुवनी जिल्ला घर भई हाल लहान–३ बस्दै आएका ४० वर्षीय गौरव महतो तथा उनका १९ वर्षीय छोरा शिवम साहलाई पक्राउ गरी अनुसन्धान गरिरहेको डीएसपी पालले बताए।

सिरहामा यो घटनाको केही घण्टा नबित्दै बुधबार मध्य राति १ बजेतिर सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ बाट प्रहरीले ३ हजार ३३२ किलो गाँजा बरामद गर्‍यो। लागुऔषध ओसारपसार भइरहेको गोप्य सूचनाको आधारमा प्रहरीले पछ्याउँदा बा.प्र.०१–०२५ च०४३६ नम्बरको जिप, प्र १–०४–००१ च १५०७ नम्बर र बा.प्र. ०१–०२९ च ९५८६ नम्बरको पिकअपबाट प्रहरीले ठूलो मात्रामा गाँजा बरामद गर्‍यो। तर गाडी चालकहरू फरार भएका छन्।

यी घटना ३० घण्टाभित्र सप्तरी र सिरहा जिल्लामा भएका लागुऔषध ओसारपसार तथा तस्करीका ठूला घटना हुन्। सिरहामा नियमितजसो लागुऔषध ओसरपसारकर्ता पक्राउ परिरहेका हुन्छन्। सिरहा प्रहरीले घटनाबारे प्रेस रिलिज गरिरहेको हुन्छ। सिरहा प्रहरीले पछिल्लो समय लागुऔषध नियन्त्रणको महाअभियान नै चलाएको डीएसपी पालले बताए। 'खुला सीमाको कारण भारतीय लागुऔषध कारोबारीहरू आउने–जाने गर्छन्। लहानलाई प्वाइन्ट बनाएर बढी गतिविधि गरेको पाइयो,' उनले भने।

प्रहरीमाथि नै जाइलाग्ने भएपछि गोली प्रहार गरेर पनि कारोबारी समात्न थालिएको उनको भनाइ छ। आर्थिक वर्ष २०८२/०८३ मा मधेश प्रदेशको सिरहामा मात्रै १९७ जना लागुऔषधसहित पक्राउ परेका छन्। लहान क्षेत्र लागुऔषध कारोबारको इपिसेन्टर बन्न थालेको प्रहरी अधिकारीहरू बताउँछन्। धनुषा, सिरहा र सप्तरी जिल्लाका पछिल्ला घटना त उदाहरण मात्र हुन्। मधेश प्रदेशमा लागुऔषध कारोबारी पक्राउ नपरेको दिन हुँदैन। मधेश प्रदेश प्रहरी कार्यालयको तथ्यांक हेर्ने हो भने पछिल्लो समय गोली प्रहार गरेर लागुऔषध कारोबारी पक्राउ गर्ने क्रम बढेको छ। यो मामलामा प्रहरी आक्रामक देखिन्छ। सिरहा र धनुषाको बिहीबार र शुक्रबारको घटनाले पनि यही देखाउँछ।

सिरहासहित मधेशका सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साको खुला सीमाबाट लागुऔषध कारोबार नियमित हुने गरेको देखिन्छ। जसले मधेशलगायत देशमा लागुऔषध कारोबार र सेवनकर्ताको अवस्था विकराल देखाउँछ। गत आर्थिक वर्ष २०८२/०८३ मा ८ जिल्लाबाट लागुऔषध मुद्दामा ८७१ जना पक्राउ परेका छन्। लागुऔषधसँग सम्बन्धित ६३० वटा मुद्दा दर्ता भएका छन्। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांकअनुसार पक्राउ परेकामध्ये नेपाली ७७५ मध्ये जना पुरुष, ३१ जना महिला, एक महिलासहित ८४ जना भारतीय र दुई जना महिला र पुरुष अन्य देशका छन्।

पक्राउ परेकाहरूबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषधसमेत बरामद गरेको छ। एक वर्षको अवधिमा गाँजा १५ हजार ३८२ किलो ग्राम, ब्राउन सुगर ५१६ ग्राम, चरेस २७२ किलो किलोग्राम, अफिम ३ किलो, हेरोइन २ हजार ८३१ ग्राम बरामद भएको प्रहरीको तथ्यांकमा छ। यस्तै, ४ लाख ७३ हजार ४८५ वटा ट्याब्लेट, २ हजार ११८ बोतल सिरप, १८ हजार १२५ इन्जेक्सन बरामद भएको छ।

पछिल्ला तीन वर्षको तथ्यांक केलाउने हो भने मधेश लागुऔषध कारोबार बढेको देखिन्छ। आ.व. २०८२/०८३ मा पक्राउ तथा बरामदको संख्या गत आवको तुलनामा बढेको छ। अघिल्लो आ.व. २०८१/०८२ मा ८३६ जना पक्राउ परेका थिए। जसमध्ये ५८५ वटा मुद्दा दर्ता थिए। उक्त आ.व.मा गाँजा १६ हजार ५७३ किलोग्राम, ब्राउन सुगर ६९ ग्राम मात्र बरामद भएको थियो। यस्तै, चरेस ५०५ किलो, अफिम ४५ किलो, हिरोइन २ हजार ७०५ ग्राम बरामद भएको प्रहरीको तथ्यांकमा उल्लेख छ। सो अवधिमा ट्याबलेट ३ लाख ७० हजार ४४२, बोतल ७ हजार ५०४, इन्जिेक्सन ६१ हजार ३३३ बरामद भएको थियो।

आर्थिक वर्ष २०८०/०८१ मा ११०४ जना पक्राउ परेका थिए। ७९७ वटा मात्र मुद्दा दर्ता भएको थियो। आर्थिक वर्ष २०८०/०८१ देखि २०८२/०८३ सम्म २ हजार ८११ जना लागुऔषध मुद्दामा पक्राउ परेका छन्। भने २ हजार १२ वटा लागुऔषधसम्बन्धी मुद्दा दर्ता भएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी प्रभुप्रसाद ढकालका अनुसार प्रहरीले प्राप्त सूचनाका आधारमा नियमित सर्च तथा खानतलासी गर्दै लागुऔषध बरामद गर्ने गरेको छ। त्यसै क्रममा सेवनकर्ता, दुर्व्यसनी तथा ओसारपसारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्ने गरिएको उनको भनाइ छ।

लागुऔषध नियन्त्रणमा खुला सीमाका कारण चुनौती छ। दुर्गम क्षेत्रमा हुने गाँजा उत्पादनका कारण गाँजा नियन्त्रण चुनौती थपेको छ। 'सीमामा जहाँ वस्ती छन्। सुरक्षाकर्मीको उपस्थिति नभएको ठाउँबाट लागुऔषध कारोबारी आउने–जाने गर्छन्। सीमाबाटै केही व्यवसायीले पनि लुकाएर ल्याउने–लैजाने गरेको पक्राउ परेकाको अनुसन्धानमा देखिएको छ,' एसपएसपी ढकाल भन्छन्।

मधेशमा पछिल्लो समय बालबालिका, किशोरकिशोरी तथा युवाहरू लागुऔषधको लतमा फस्दै गएका छन्। लागुऔषध सेवनकर्ताले नसामा जघन्य प्रकृतिका अपराध कर्म गरेका घटना पनि छन्। घरमा लागुऔषध सेवनकर्ता हुँदा परिवार नै भाँडिने गरेको पनि पाइन्छ। मधेशमा अपेक्षअनुसार लागुऔषध सेवनकर्ताको संख्या घटाउन नसकेको प्रहरीसमेत स्वीकार्छ। 'लागुऔषधको नेटवर्किङमा काम गर्ने, सेवनकर्ताहरू संख्याख्यात्मक र अपेक्षित रूपमा घटाउन सकेका छैनौं,' एसएसपी ढकाल भन्छन्, 'नियन्त्रण गर्न स्कूल, टोल, युवा र अभिभावकसँग सचेतना कार्यक्रमहरू गर्ने गरिएको छ।'

*सीमा क्षेत्रबाट...*

विभिन्न सामान बरामद गरेको जनाएको छ। बरामद गरिएका सबै सामान प्रचलित भन्सार ऐन तथा नियमअनुसार आवश्यक कारबाहीका लागि सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको हो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण हेडक्वार्टर सिरहाका गणपति (एसपी) सुमनजंग थापा मगरका अनुसार सीमाक्षेत्रमा हुने अवैध चोरी–पैठारी तथा राजस्व छली नियन्त्रणका लागि सशस्त्र प्रहरीको निगरानी र चेकजाँचलाई थप प्रभावकारी बनाइएको छ। उनले सीमा सुरक्षा तथा अवैध आयात–निर्यात नियन्त्रणका लागि यस्ता अभियान निरन्तर सञ्चालन भइरहने बताए। त्यसै क्रममा अवैध समाग्रीहरु प्रहरी नियन्त्रणमा लिदै आएका छ।

# मधेशका १० पालिकामा कृषिको नमूना कार्यक्रम सञ्चालन गरिने

काठमाडौं, ९ साउन। कृषि, वन तथा पर्यावरण मन्त्रालयले मधेश प्रदेशका १० वटा पालिकामा किसानको खेतसम्मै प्रत्यक्ष सेवा पुर्‍याउने गरी कृषिको नमूना कार्यक्रम सञ्चालन गर्ने भएको छ। कृषिमन्त्री गीता चौधरीले कृषि अनुसन्धान, प्रविधि हस्तान्तरण र प्राङ्गारिक खेतीलाई प्राथमिकतामा राखेर यो कार्यक्रम कार्यान्वयन गरिने बताएकी छन्। मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवसँगको शिष्टाचार भेट तथा संघ–प्रदेश समन्वयसम्बन्धी उच्चस्तरीय बैठकलाई सम्बोधन गर्दै मन्त्री चौधरीले कार्यक्रम लागू गर्न कम्तीमा १० वटा पालिका छनोट गर्न माग गरेकी छन्। उनले अब नीति निर्माणभन्दा पनि



कार्यान्वयन पक्षलाई विशेष प्राथमिकता दिनुपर्ने बताइन्।

अनुसन्धानबाट प्राप्त नतिजा किसानको खेतसम्म पुर्‍याउन, कृषि उत्पादन बढाउन र किसानलाई आधुनिक प्रविधिबारे प्रत्यक्ष जानकारी गराउन ती पालिकामा एकीकृत कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिइन्। छनोट हुने पालिकामा उत्पादन वृद्धि, प्राविधिक सेवा, तालिम, परामर्श र प्रविधि हस्तान्तरणलाई विशेष जोड दिइने उनको भनाइ छ। उनले प्राङ्गारिक (अर्गानिक) खेतीलाई प्राथमिकता दिँदै माटोको उर्वराशक्ति संरक्षण, सुरक्षित खाद्य उत्पादन र दिगो कृषि प्रणाली विकासमा सरकार प्रतिबद्ध रहेको उल्लेख गरिन्।

कृषि, वन तथा पर्यावरण क्षेत्रको दिगो विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय, स्रोतसाधनको उचित परिचालन र साझा योजनामार्फत अघि बढ्नुपर्ने उनको भनाइ छ। साथै, प्रदेश सरकारबाट प्राप्त सुझावलाई संघीय सरकारले प्राथमिकताका साथ सम्बोधन गर्ने प्रतिबद्धतासमेत मन्त्री चौधरीले व्यक्त गरेकी छिन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# घरमा मल लुकाएर महँगोमा बेच्ने वडा सदस्य फरार, प्रहरीद्वारा ४०० बोरा मल नियन्त्रणमा



जनकपुरधाम, ९ साउन। धनुषा प्रहरीले जिल्लाको धनुषाधाम नगरपालिका–५ ९०० बिघास्थित वडा सदस्य सुरेश साहको घरबाट ठुलो परिमाणमा रासायनिक डिएपी मल बरामद गरेको छ। वडा सदस्य साहले घरमा लुकाइछिपाइ डिएपी मल राखेको र रातिको समयमा महँगो मूल्यमा बिक्री गरिरहेको गोप्य सूचनाका आधारमा प्रहरी चौकी ९०० बिघाबाट खटिएको टोलीले करिब ४०० बोरा डिएपी मल बरामद गरेको हो।

वडा सदस्य साहको घरबाट बरामद भएको उक्त रासायनिक मलको स्रोत नभेटिएपछि नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिएका छन्। नियन्त्रणमा लिइएको मल ट्र्याक्टरमा लोड गरेर इलाका प्रहरी कार्यालय धनुषाधाम ल्याउने काम भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेले बताएका छन्। उनका अनुसार बरामद भएको मलको यकिन संख्या र त्यसको स्रोतबारे थप अनुसन्धान भइरहेको छ। वडा सदस्य साह फरार रहेको र उनको खोजी कार्य भइरहेको प्रहरी नायब उपरीक्षक न्यौपानेको भनाइ छ।

# ७ लाख ५० हजार घुससहित सिँचाइ कार्यालय सर्लाहीका डिभिजन प्रमुख र अधिकृत पक्राउ

सर्लाही, ९ साउन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भूमिगत जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सर्लाहीका डिभिजन प्रमुख र एक अधिकृतलाई साढे सात लाख रुपैयाँ घुससहित रंगेहात नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेहरूमा डिभिजन प्रमुख अनुपमा ढकाल र मेकानिकल अधिकृत तुलाकान्त चौधरी रहेका छन्। उनीहरूलाई आयोगको बर्दिबासबाट खटिएको टोलीले साउन ८ गते नियन्त्रणमा लिएको हो।

अख्तियारका अनुसार, बोरिङ र मोटर जडान गर्ने कार्य सम्पन्न भएपछि सो कार्यको भुक्तानी दिने क्रममा सेवाग्राहीसँग घुस माग गरिएको थियो। "काम सम्पन्न भएपछि रकम भुक्तानीका लागि दुःख हैरानी दिई घुस/रिसवत माग गरिरहेको" भन्ने सूचना र उजुरीका आधारमा अख्तियारको टोलीले उनीहरूलाई पछ्याएको थियो। टोलीले डिभिजन प्रमुख ढकाल र अधिकृत चौधरीलाई सेवाग्राहीबाट ७ लाख ५० हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा बागमती नगरपालिका वडा नं. १२ स्थित डिभिजन प्रमुखको क्वार्टरबाट नियन्त्रणमा लिएको हो।

खानतलासीका क्रममा उनीहरूको साथबाट घुसबापतको साढे ७ लाख रुपैयाँका साथै स्रोत नखुलेको थप ७१ हजार ११५ रुपैयाँ र ३ थान मोबाइल फोनसमेत बरामद गरिएको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन्। पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको आयोगले जनाएको छ।

# गुणस्तरहीन खाद्यान्न उत्पादन र बिक्री गर्ने ६२ उद्योगी व्यापारीविरुद्ध मुद्दा दायर




जनकपुरधाम, ९ साउन। गुणस्तरहीन खाद्य पदार्थ उत्पादन तथा बिक्री गरेको आरोपमा मधेस प्रदेशका ६२ उद्योगी–व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ। खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा संकलन गरी परीक्षण गरिएका खाद्य नमुनामा कैफियत देखिएपछि सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम मुद्दा दायर गरिएको जनाएको छ।

कार्यालय प्रमुख विमलकुमार दाहालका अनुसार बारा र पर्साका ५१, महोत्तरीका सात, सर्लाही र रौतहटका तीन तथा धनुषाका एक उद्योगी–व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ। उनका अनुसार सप्तरी र सिरहाका तीन तथा धनुषाका दुई गरी थप पाँच उद्योगी–व्यवसायीविरुद्ध पनि खाद्य स्वच्छता कायम नगरेको तथा खाद्य पदार्थमा मिसावट गरेको आरोपमा मुद्दा दर्ता गर्ने प्रक्रिया अघि बढाइएको छ।

अनुगमनका क्रममा संकलित नमुनाको परीक्षणबाट स्वास्थ्यका लागि हानिकारक मिसावट गरिएको, म्याद गुज्रिएका खाद्य वस्तु बिक्री गरिएको तथा गुणस्तर मापदण्ड उल्लंघन भएको पाइएपछि कानुनी कारबाही प्रक्रिया अघि बढाइएको प्रमुख दाहालले बताए। आर्थिक वर्ष २०८२–८३ मा मधेस प्रदेशका जिल्लाबाट कानुनबमोजिम ५७८, उत्पादकको आग्रहमा एक हजार २२८, सरकारी निकायबाट प्राप्त २० सहित कुल चार हजार ५५९ खाद्य नमुना संकलन गरिएको थियो। तीमध्ये ३५ नमुनामा प्रतिकूल नतिजा देखिएको र १० नमुनामा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।

सोही अवधिमा ५१० वटा ताजा फलफूल तथा तरकारीमा विषादी परीक्षण र ३१० वटा स्वच्छता सर्भिलेन्स गरिएको प्रमुख दाहालले जानकारी दिए। खाद्य स्वच्छता प्रवर्द्धनका लागि कार्यालयले धनुषामा ६० पटक अनुगमन गरी २५० होटल तथा रेष्टुरेन्टको निरीक्षण गरेको जनाएको छ। यस अवधिमा १२१ उद्योगलाई अनुज्ञापत्र जारी, ३०७ उद्योगको नवीकरण तथा ३४७ उद्योगका लागि सिफारिस गरिएको छ। नमुना परीक्षण, अनुज्ञापत्र जारी, नवीकरण तथा उद्योग सिफारिसलगायतका सेवाबाट रु ३८ लाख ३६ हजार १७० राजस्व संकलन भएको प्रमुख दाहालले बताए।

गत असारमा मात्र अनुगमन टोलीले धनुषाका ४४ होटल तथा रेष्टुरेन्टमा गरेको अनुगमनमा १२ वटामा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु चार लाख २० हजार जरिवाना गरिएको उनले जानकारी दिए। त्यसैगरी, सर्लाहीका २४ होटलमा गरिएको अनुगमनमा १७ वटामा कैफियत भेटिएपछि रु छ लाख ६७ हजार जरिवाना गरिएको थियो। कार्यालयका अनुसार अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा अन्य अखाद्य वस्तुहरू जफत गरी सम्बन्धित सरोकारवालाको रोहबरमा नष्ट गरिएको छ।

# चुच्चे नक्सासहित तयार भयो नयाँ सिक्का

काठमाडौं, ९ साउन। सरकारले एक रुपैयाँको सिक्कामा चुच्चे नक्सासहितको डिजाइन तयार पारेको छ। उक्त डिजाइनमा आकाश भैरवको चित्र पनि राखिएको छ। अर्थ मन्त्रालय स्रोतका अनुसार, उक्त डिजाइन मन्त्रिपरिषद् बैठकबाट पास भएर अर्थ मन्त्रालय हुँदै नेपाल राष्ट्र बैंक पुगिसकेको छ। यसअघि नेपाल राष्ट्र बैंकले मुस्ताङको घार गुम्बासहित तस्वीर राख्नेगरी स्वीकृतिका लागि पठाएको डिजाइनलाई मन्त्रिपरिषद्ले फिर्ता गरिदिएको थियो। राष्ट्र बैंकलाई एक रुपैयाँको सिक्काको प्रस्तावित डिजाइन परिमार्जन गरेर नयाँ प्रस्ताव बनाएर ल्याउन सरकारले भनेको थियो।

राष्ट्र बैंक ऐनमा कुनै पनि नोट वा सिक्काको डिजाइन स्वीकृत गर्दा वा डिजाइन परिवर्तन गर्दा त्यसलाई मन्त्रिपरिषद्रुबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले नयाँ सिक्कामा नेपालको नक्सा नहट्ने जानकारी आफूलाई रहेको बताए। 'नेपालको नक्साबिना नयाँ सिक्काको डिजाइन बन्दैन भन्ने कुरा मेरो जानकारीमा आएको छ,' उनले भने, 'तर, तौल र आकारमा परिवर्तन गरिँदैछ।' हाल रहेको एक रुपैयाँको सिक्का तयार पार्दा त्यो भन्दा बढी मूल्य पर्न गएकाले भार कम गर्नेगरी तौल र आकारमा परिमार्जन गर्न लागिएको पनि उनले बताए।

'यसअघि पनि केही तौल घटाउन खोजेका थियौं। अहिले एक रुपैयाँको सिक्कालाई पैसाभन्दा पनि बढी पर्छ,' उनले भने, 'अहिले भइरहेको सिक्कामा प्रयोग भएको धातु भनेको मिश्रित हो। त्यो धातुलाई हामीले परिवर्तन गरेर स्टिल मात्रै राख्न खोजेको हो।' यो परिवर्तन गरेसँगै मूल्यमा कमी आउने र वातावरणीय हिसाबले पनि उत्कृष्ट मानिने उनले बताए। सिक्कामा ६४ वटा थोप्ला हुन्छन्, जुन ६४ योगिनीको प्रतिक मानिन्छ। उनले थपे, 'सिक्कामा हुने तस्वीरकोसांस्कृतिक महत्व हुन्छ। सिक्का आफैंमा ऐतिहासिक चिज मानिन्छ। सिक्कामा प्रयोग हुने चिजले विशेष अर्थ राख्छन्।'

विगतमा पनि सरकारले नयाँ सिक्का बनाउँदा केही कुराहरू परिमार्जन गर्ने गरेको उनी स्मरण गर्छन्। यद्यपि स्पष्ट अर्थ राख्ने रणनीतिक नीति भने सरकारले लिएको निर्णयमा भर पर्ने उनी बताउँछन्।

# राष्ट्रिय परिचयपत्र बनाउन जिप्रकामा घुइँचो

**सुधा देवर**

सप्तरी, ९ साउन। केही दिनयता जिल्ला प्रशासन कार्यालय सप्तरीमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता (फारम भर्न) आउने सेवाग्राहीको भीड बढेको छ। सरकारी सेवा, सामाजिक सुरक्षा भत्ता, राहदानी, बैंकिङ सेवा तथा अन्य सार्वजनिक सेवामा राष्ट्रिय परिचयपत्र अनिवार्य हुन थालेपछि सेवाग्राहीको संख्या उल्लेख्य रूपमा बढेको हो। यस वर्षदेखि बैंक खाताको केवाईसी अद्यावधिक गर्न पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि आफू हतारहतार फारम भर्न आएको राजविराज–७ निवासी रिता यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "अहिलेसम्म तत्काल राष्ट्रिय परिचयपत्र आवश्यक पर्छ भन्ने लागेको थिएन। तर केवाईसी अद्यावधिक नभए बैंकको कारोबार प्रभावित हुने भएपछि हतारमा राष्ट्रिय परिचयपत्रका लागि फारम भर्न आएकी हुँ।" राष्ट्रिय परिचयपत्रका लागि अनिवार्य रूपमा विवरण दर्ता गर्नुपर्ने भएकाले जिल्लाका विभिन्न स्थानीय तहबाट दैनिक सयौँ सेवाग्राही जिल्ला प्रशासन कार्यालय पुग्ने गरेका छन्। सेवाग्राहीको चाप बढेसँगै घण्टौँसम्म पालो कुर्नुपर्ने अवस्था रहेको छ। कतिपय सेवाग्राही कार्यालय खुल्नुअघि नै लाइनमा बस्न बाध्य भएको स्थानीय सेवाग्राही अञ्जली रजकले बताउनुभयो।

उहाँका अनुसार सीमित जनशक्ति र आवश्यक व्यवस्थापनको अभावका कारण सेवा प्रवाह छिटो र प्रभावकारी हुन सकेको छैन। भीड व्यवस्थापन, पर्याप्त प्रतीक्षालय तथा सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन आवश्यक रहेको उहाँको भनाइ छ। जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिने नागरिकको संख्या दैनिक रूपमा बढिरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "उपलब्ध जनशक्ति र स्रोत–साधनका आधारमा सेवा प्रवाह गरिरहेका छौँ। नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउन आवश्यक थप व्यवस्थापनका लागि पनि पहल भइरहेको छ।"

## गुडिरहेको...

आफ्नो आलोचना भएपछि सांसद गुप्ताले फेसबुकमा एक सन्देश पोस्ट गर्दै क्षमायाचना गरेका थिए। 'अहिले सामाजिक सञ्जालमा म मोटरसाइकलमा बसेको एउटा भिडियो भाइरल भइरहेको छ। बाल्यकालमा खेलेको ठाउँमा पुग्दा पुराना सम्झनाहरू ताजा भए। त्यही खुसी र रमाइलोको क्षणमा मजाक–मजाकमै मोटरसाइकलको पछाडि उभिएर भिडियो बनाउँदा मैले ट्राफिक नियम उल्लंघन गरेको रहेछु भन्ने कुरा मैले आफैं महसुस गरेको छु,' उनले लेखेका छन्।

गुप्ताले थपेका छन्, 'अब यही जोश र ऊर्जा देश र जनताको हितमा समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु। मबाट जानी वा नजानी कुनै गल्ती भएको भए क्षमा माग्दछु।' यसअघि हेलमेट नलगाई मोटरसाइकल चलाएर ट्राफिक नियम उल्लंघन गरेका सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहलाई जिल्ला ट्राफिक प्रहरी कार्यालय कैलालीले ५ सय रुपैयाँ जरिबाना तिराएको थियो। यसैगरी श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई (हर्क साम्पाङ)लाई पनि ट्राफिक नियम उल्लंघनको कसुरमा ट्राफिक प्रहरीले कारबाही गरेको थियो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)